अभाव छ जनशक्ति योजना

कृषि र ग्रामीण क्षेत्रमा रहेको अर्धबेरोजगारी र बेरोजगारी समस्या हाम्रो ठूलो चुनौती हो । प्रशासनयन्त्रमा दक्ष र भरपर्दो जनशक्ति परिचालन भएन भने मुलुकको स्तर माथि उठ्नै सक्तैन । समग्रमा जीवनशैलीमा परिवर्तन आउन पनि सक्तैन ।

अच्युतप्रसाद पौडेल 'चिन्तन'

हालको जनगणनामा बाल बालिकाहरूको संख्या घटेको छ भने वृद्धवृद्धाहरूको संख्या बढेको देखिन्छ । महँगीको अधिक वृद्धिले केटाकेटी हुर्काउन समस्या, अध्ययन अध्यापन ज्यादै खर्चिलो, तिनको लालनपालन, घर घडेरी, बासको प्रबन्ध जस्ता अभिभावकहरूका समस्याले प्रजनन् दरमै कमी देखापरेको छ, मुस्किलले एक आमाले दुई वा सकेसम्म एकैमात्र बच्चामा भर पर्नु परेको अवस्था छ अहिले ।

विगतका दिनमा एक कित्ता जमिनको अभिलेख मात्रैका लागि एक रुपैयाँ कर तिरे पुग्थ्यो भने अहिले हजारौं रकम सरकारलाई बुझाउनुपर्ने, जग्गा खरिद बिक्रीमा सरकारी राजस्व धेरै, लाभ कर भन्दै छुट्टै रकमको असुली, कोठा हाल्दा, सामान्य घर बनाउने क्रममा पनि वर्गफिटको हिसाबले राजस्व बुझाउनुपर्ने बाध्यता, त्यसमा वर्षेनी अचाक्ली तिरो तिर्नुपर्ने, भाडा कर भन्दै अनावश्यक दवाव सहनुपर्ने, बच्चाको लालनपालनमा, शिक्षा स्वास्थ्यमा ठूलो लगानी गर्नुपर्ने तर तिनलाई हुर्काएपछि स्वदेशमा सँगै बसेर रोजगारी दिन नसकिने त्यही घर खेत, बारी बेचेर विदेशमा भाँडा माझ्न पठाउनुपर्ने अनेकौं चुनौतीहरूका कारण आमाबाबु धेरै बच्चा पैदा गर्न चाहँदैनन, यो भविष्यमा देशको समग्र जनशक्ति योजनालाई नै ठूलो चुनौतीको विषय हो ।

पछिल्लो गणनाको तथ्यांकले आर्थिक रूपले सामान्य गुजारा गर्ने सक्रिय जनसंख्या ६५:५ प्रतिशत मात्रै भई ३४:३ प्रतिशत भनौं झण्डै आधा जनसंख्या निष्क्रिय जीवन बिताइरहेको अवस्था देखाउँछ भने बेरोजगारी दर ६:९५ प्रतिशतको आँकडा देखाइएको छ । पछिल्ला विविध समस्याले अपांगताको संख्या बढ्दैछ अघिल्लो गणना तथ्यांकमा १:९४ प्रतिशत अपांगता भएकोमा हाल अपांगको अवस्था २:२ प्रतिशत छ भने त्यसमा पुरुषको तथ्यांक ५४:२ र स्त्रीको संख्या ४५:८ प्रतिशत छ । १० वर्षअघिको साक्षरता दर ६५:९ प्रतिशत रहेकोमा हालको नतिजामा ७६:३ प्रतिशत देखाइएको छ । आधुनिकतासँगै विद्युत प्रयोग गर्ने संख्या अघिल्लो गणनामा ६७:३ प्रतिशत जनसंख्या रहेकोमा हाल ९२:२ प्रतिशत पुगेको छ तर कोठामा बत्ती बाल्दैमा विद्युतीकरण भन्न नसकिएला, पानीको स्रोत धेरै भएको हाम्रो देशमा विद्युत् महसुल महँगो छ । अघिल्ला गणनामा भान्सामा काठ दाउराको प्रयोग कर्ता ६४ प्रतिशत रहेकोमा अहिले पनि ५१ प्रतिशत नेपालीहरूको भान्साको इन्धन काठ दाउरा नै बनेको छ । ४४:३ प्रतिशतले आयातीत महँगो ग्यास सिलिण्डर प्रयोग गरिरहेका छन् भने विजुलीले खाना पकाउने नेपालीमात्र ०:५ प्रतिशत भनिएको छ । त्यसैगरी गुइँठा घरेलु इन्धन प्रयोगकर्ता २:९ प्रतिशत देखिएका छन् भने बायोग्यास प्रयोग कर्ता १:२ प्रतिशत, आयातीत मटितेलको प्रयोगकर्ता ०:०५ प्रतिशत र अन्य इन्धन प्रयोगकर्ता ०:१ प्रतिशत छन् ।

घरहरूको संरचना हेर्दा ७५ लाख ५२ हजार ६६ परिबारको मात्र घर भएको त्यसमा ७१:७ प्रतिशत आबासको लागि प्रयोग भएको, गोठ, धन्सार, मटानका लागि १०:०१ प्रतिशत, खाली घर ६:३ प्रतिशत, भान्सा र अन्य प्रयोगमा आएका घर ५:९ प्रतिशत छन् । सरसर्ती हेर्दा आफ्नै स्वामित्वमा बस्नेहरूको संख्या ८६ प्रतिशत छ भने १२:८ प्रतिशत मानिसहरू भाडामा बसेका देखिन्छन् । प्रयोग भएको जनशक्तिको तथ्यांकमा व्यापारक्षेत्रमा ३:१ प्रतिशत, शैक्षिक क्षेत्रमा १:१ प्रतिशत, उद्योग, कल कारखानामा ०:४ प्रतिशत, होटल, लजमा ०:३ प्रतिशत र स्वास्थ्यक्षेत्रमा ०:२ प्रतिशत, बैंक एवं वित्तीय संस्थामा ०:१ प्रतिशत जनशक्ति प्रयोग भएको सरकारी आकडा छ । धारा, खानेपानीको स्तर हेर्दा ५७ प्रतिशतले पाइप प्रयोग गरेका, २९:८ प्रतिशतले ट्युबवेल, हाते पम्प, १:५ प्रतिशतले इनार प्रयोग गरिरहेका र मूल धारा प्रयोग गर्ने करिब ७ प्रतिशत, जार बोतल प्रयोग गर्ने ४:६ प्रतिशत र सिधा नदी खोलाको पानी प्रयोग गर्ने २:१ प्रतिशतको तथ्यांक सार्वजनिक भएको छ । उमेरको हिसाब गर्दा अघिल्लो गणनामा कूल जनसंख्याको १५ देखि ५९ वर्ष समूहका ५६:९६ प्रतिशत भएकोमा हाल ६१:९६ प्रतिशत भनिएको छ भने १४ वर्ष र सोभन्दा कम उमेर समूह २७:८३ प्रतिशत मात्र छ र ६० वर्ष माथिका समूहमा १०:२१ प्रतिशत छ ।

अघिल्लो गणनामा ५४ लाख २७ हजार ३०२ परिबार रहेकोमा अहिले बढेर ६६ लाख ६६ हजार ९३७ भनौं २३ प्रतिशतको वृद्धि छ । हाल ९५:५ प्रतिशत नेपालीले कुनै न कुनै रूपमा शौचालयको प्रयोग गरेको भनिएको छ, तर गाउँतिर जाँदा अधिकांश ठाउँमा शौचलयको व्यवस्था भएको पाइँदैन, हो स्मार्ट फोनको प्रयोग भने बडेको छ, ७३ प्रतिशत नेपालीका हातमा स्मार्ट फोन भएको तथ्यांक आएको छ जुन नितान्त आयतीत हो । विद्यार्थी अध्ययन क्षेत्रमा हेर्दा अधिकांशले व्यवस्थापन विषय रोजेका छन् जसको संख्या ३५:१ र दोस्रो शिक्षा विषय परेको छ जसमा २९:१ प्रतिशत र तेस्रोमा मानवीकि परेको छ जसको संख्या ११:६ प्रतिशत छ । विज्ञान, स्वास्थ्य, चिकित्सा, इन्जिनियरिङ, कम्प्युटर सूचना प्रविधिमा अध्ययन गर्नेको संख्या ज्यादै न्यून छ, विज्ञानतर्फ ६:१ र अन्यक्षेत्रमा कतै ०.२ प्रतिशत मात्रै देखिन्छन् । नेपालको संविधानले जनसंख्याको व्यवस्थापन कार्य संघ, प्रदेश र स्थानीय तह सबैको जिम्मेवारीको रूपमा राखेको छ । हरेक नेपाली नागरिकले गुणस्तरीय जीवन यापन गर्ने अवसर पाउने भनेको छ । यसका लगि जनसंख्या सम्बन्धी दीर्घकालीन योजना २०६७ । २०८७ कार्यान्वनमा छ । राष्ट्रिय जनसंख्या नीति २०७१ पनि लागू छ । व्यक्तिगत घटना दर्ता जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइँसम्बन्धी तथ्यांक व्यवस्थापन गर्ने चालु पन्ध्रौं योजनामा पनि साविक झैं लक्ष्य छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको जन संख्या वृद्धि दर १:३५ प्रतिशत थियो । नेपाल जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०७३ ले प्रजनन् उमेरका महिलाको कूल प्रजनन् दर २:३ प्रति महिला रहेको बतायो ।

जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील जनसंख्या ५७ प्रतिशत र विदेशमा रहेको उत्पादनशील जनशक्ति ७:३ प्रतिशत बताएको थियो । यहाँ तीब्र रूपमा बसाइसराइँको समस्या छ जुन बहुसरोकारको विषय हो । प्रजनन् दर घट्दै रहेको, औसत आयु बढ्दै रहेको अवस्थामा देनिक आवश्यक पर्ने सामानको उत्पादन र वितरणमा नकारात्मक प्रभाव पर्न दिइनु हुँदैनथ्यो, राज्यले यो सोच्न सकेन र राज्यको काम सत्ता स्वार्थमात्रै देखिएको छ । हाम्रा छिमेकी मुलुक चीन र भारत जनसंख्याको हिसाबले अग्रस्थानमा छन् । चीनले साविक नीतिमा परिवर्तन गरी प्रजनन् बढाउने नीति लिएको छ । जनसंख्याको हिसाबले अमेरिका तेस्रो स्थानमा छ । विश्वको जनसंख्या भने ८ अर्ब छ । अमेरिकामै ३३ करोड पुगिसकेको छ । भारतमा १ अर्ब ३९ करोड नाघेको छ । हाल कोभिडको महामारी फेरि बढ्ने तरखरमा छ । सन् १९१८ मा सुरु भएको इन्फ्लुन्जा भाइरसले त्यतिबेलाको एक तिहाइ जनसंख्या भनौं पाँच करोडलाई निलेको थियो । अमेरिकामै ६ लाख ७५ हजारको ज्यान गएको थियो । अहिलेको कोभिड १९ ले विश्वमा लाखौंलाई निलेको छ, छिमेकी भारत र हामी नै पनि त्यसको बाछिटामा परेका हौं ।

त्यसो त भूकम्पले पनि धेरैलाई निल्यो, प्राकृत र मानव निर्मित दूर्घटनाहरूबाट हजारौंको ज्यान जाने गरेको छ । बाँच्नेहरू हरतरहले सक्रिय रहन सके देश विकासमा टेवा पुग्ने हो, तर देशमा श्रमयोग्य जनशक्ति वार्षिक ५ लाख हुन्छन् तिनलाई रोजगारी दिन राज्यले सकेको छैन, विदेश पठाएर विप्रेषणमा रमाउने हाम्रो बानी परेको छ । आएको रकम पनि उत्पादनशील क्षेत्रमा लगानी हुन सकेन, व्यापारघाटा र विदेशी ऋणले देश किचिएको छ, महँगो राजनीतिक प्रणाली आमनागरिकका लागि सहज भइरहेको छैन, वाक्स्वतन्त्राले मात्रै पेट भरिन्न, गरिबी पनि न्यूनीकरण हुँदैन ।

हामीकहाँ युवाशक्ति त छ तर ठूलाठूला ऐतिहासिक परिवर्तनका लागि मात्र प्रयोग छन् ती, आर्थिक रूपान्तरणमा त्यो श्रमशक्तिको प्रयोग नै भएन । दक्ष र प्रविधियुक्त युवा जमातको कारण एसियाको सम्पन्न मुलुक थाइलैण्डले प्रसस्त आर्थिक विकास गर्नसकेको छ । थाइलैण्डको बैंकक शहरमा अधिकांश युवा नेतृत्वको बाहुल्य छ र युवा जनशक्तिको इच्छा र आकांक्षालाई अन्य समूहले प्रसस्त सहयोग र समर्थन गरेका छन् । हामीकहाँ धेरै युवाशक्ति बेरोजगार छन्, कष्टकर जीवन बिताउँन बाध्य छन्, बाध्यतावस वैदेशिक रोजगारमा संलग्न छन् । शिक्षित र तालिम प्राप्त जनशक्तिको प्रतिभा पलायन भएको छ । विकासको मूलप्रवाहबाट बाहिर रहेका नयाँ पुस्ता एवं नयाँ जोस र जाँगर भएका यस्ता समूहलाई सामुदायिक कार्यमा सरिक गराउन सके राष्ट्र निर्माण कार्य भरपर्दो हुन्छ, आज केबल टालटुले अवस्थामा छ देश । उत्पादनशील रोजगारीको अवसर सिर्जना गर्नु सरकारको काम हो ।

कृषि र ग्रामीण क्षेत्रमा रहेको अर्धबेरोजगारी र बेरोजगारी समस्या हाम्रो ठूलो चुनौती हो । प्रशासनयन्त्रमा दक्ष र भरपर्दो जनशक्ति परिचालन भएन भने मुलुकको स्तर माथि उठ्नै सक्तैन । समग्रमा जीवनशैलीमा परिवर्तन आउन पनि सक्तैन । मानव शक्तिको सकारात्मक सोच, तिनको सदुपयोगकै कारण आजको विश्व समुन्नत हुनसकेको परिप्रेक्षमा मानव संसाधन विकासमा हामी धेरै पछाडि छौं । हामीकहाँ जनसंख्या व्यवस्थापनमा संलग्न संस्थाहरू भनौं सरकारी, निजीक्षेत्र, गैसस, नागरिक समाजबीच समन्वय र आन्तरिकीकरणको अभाव छ । प्रतिनिधिमूलक अनुसन्धान कर्तालाई प्रभावकारी सञ्चालन गर्न सकिएन, भौगोलक विकटता छ । यहाँको अशिक्षा, गरिबी, अव्यवस्थित बसाइसराइँ, आप्रबासको समस्या, अव्यवस्थित शहरीकरण, सामाजिक कुरीति, विकास र जनसंख्याबीच तालमेल नहुनु, कमजोर संगठनात्मक संरचना, खण्डीकृत तथ्यांक, कृषि र गैरकृषि क्षेत्रमा उत्पादनशील जनशक्तिको कमी, असन्तुलित विकास, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन भनौं धेरै समस्या छन् ।

उच्च दरमा ज्येष्ठ नागरिक जसबाट सामाजिक सुरक्षामा चुनौती, स्वास्थ्य, शिक्षा, रोजगारी, खानेपानी वितरण, आधारभूत अन्य सुविधामा कमी, किशोर, किशोरीको सुरक्षामा चुनौती, बालविवाह, बलात्कार, हत्या, हिंसा, दाइजो प्रथा, बालशोषण धेरै समस्या छन् । कूल १५ देखि ५९ वर्षसम्मका उमेरका समूह उच्च रहेको तर तिनकै व्यवस्थापनमा अनेकौं समस्या छन् भने उर्वर जनसंख्या विदेशिएको छ र उनीहरूले पठाएको विप्रेषण रकमले देशको अर्थतन्त्र धान्नु परेको अवस्था छ । लैंगिक हिंसा र यसको असमानता, एकीकृत बस्ती विकासको समस्या, अपांग, लोपोन्मुख जन जातिप्रति पर्याप्त ध्यान दिन नसक्नु धेरै समस्या छन्, जसले हाम्रो जन शक्ति योजना भरपर्दो बन्न सकेको छैन ।

यति हुँदाहुँदै पनि सरकारी हाल चालु पन्ध्रौं योजनाले मानव विकास सूचकांक ०:५७९ बाट ०:६२४ मा उकास्ने नागरिक सन्तुष्टिको सूचकांक ४ बाट ५:१ माथि पुऱ्याउने, कूल प्रजनन् दर २:१ कायम राख्ने, ५ वर्षमुनिका बाबालिकाको जन्म दर्ता ६३ बाट १०० मा पुऱ्याउने लक्ष्य छ तर व्यवहारमा त्यस्तो पाइएन ।

पाल्पामा धमाधम गाईगोरु मर्न थाले

रामचन्द्र रायमाझी/हिटा

पाल्पा, २७ चैत

पछिल्लो समय पाल्पामा धमाधम गाईगोरु मर्न थालेका छन् । 'लम्पी स्किन' रोगको संक्रमणका कारण यहाँका गाईगोरु धमाधम मरेका हुन् । अहिलेसम्म यहाँका ७० भन्दा बढी गाईगोरु मरिसकेका छन् । अधिकांश उपचार नपाएका र अशक्त बुढा गाईगोरु मरेका हुन् । यो रोगबाट आठ सय गाईगोरु संक्रमित भएका छन् । संक्रमित सबै गाईगोरुको उपचार भएको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पाका सूचना अधिकारी तथा पशु चिकित्सक डा. नवीन बस्यालले बताउनुभयो । उहाँका अनुसार निस्दी गाउँपालिकामा नौ, बगनासकाली गाउँपालिकामा ४२, माथागढी गाउँपालिकामा १५ र रिब्दीकोट गाउँपालिकाका चार गाईगोरु मरेका हुन् । 'किसानले संक्रमण भएको थाहा नपाएको र केही शारीरिक अशक्त, बुढा भएका गाईगोरु मरेका छन्, उपचार पाएका गाईगोरुमा भने त्यस्तो समस्या छैन,' डा. बस्यालले भन्नुभयो ।

पहिलोपटक माथागढी गाउँपालिका-५ गोठादीका किसानले पालेको गाईगोरुमा देखिएको 'लम्पी स्किन' रोगको संक्रमण फैलिएर अहिले जिल्लाका सातवटा पालिकामा पुगेको छ । सुरूमा फाट्टफुट्ट गाईगोरुमा देखिएको यो रोग पछिल्लो केही दिनयता प्रकोपकै रूपमा फैलिंदै गएको हो ।

पूर्वखोला गाउँपालिका, रामपुर नगरपालिका र रम्भा गाउँपालिकाबाहेक अन्य सात पालिकामा 'लम्पी स्किन' रोगको संक्रमण फैलिएको छ । चैत १० गते गोठादीका गाईगोरुमा गरिएको परीक्षणबाट यो रोग पुष्टि भएको थियो । अहिलेसम्म निस्दी गाउँपालिकाका ६६, बगनासकाली २१५, माथागढी गाउँपालिकामा २१०, रिब्दीकोट गाउँपालिकामा ३२, रैनादेवी छहरा गाउँपालिकामा ४२, तानसेन नगरपालिकामा ३० र तिनाउ गाउँपालिकामा २०५ गाईगोरुमा संक्रमण देखिएको पशु सेवा विज्ञ केन्द्र पाल्पाले जनाएको छ । संक्रमण देखिएका सबै गाईगोरुको उपचार गरिएको केन्द्रका डा. बस्यालले बताउनुभयो । केन्द्रले सबै पालिकामा दुई/दुईजना प्राविधिक खटाएर उपचारको काम गरिरहेको छ । स्थानीय सरकारसँग समन्वय गरी उपचारको काम भइरहेको डा. बस्यालले बताउनुभयो । उपचारपछि धेरै गाईगोरु निको भएका छन् । अहिले माथागढीमा ९० प्रतिशत रोग नियन्त्रणमा आइसकेको छ भने अन्यमा फैलिंदै गएको केन्द्रले जनाएको छ ।

बगनासकालीको पोखराथोक, गोफेक, देउराली, माथागढीको गोठादी, हात्तीलुङ गणवास, दमार, रिब्दीकोटको सत्यवती, बल्ढेङ्गढी, तिनाउको कचल, सत्यवती, निस्दीको मित्याल, तानसेनको दमकडा, पिपलडाँडालगायतका किसानले पालेका गाईगोरुमा संक्रमण देखिएको पाइन्छ । किसानले पालेका गाईगोरुमा संक्रमण देखिएपछि जिल्लाका स्थानीय सरकारले पनि उपचारमा चासो देखाएका छन् । औषधि खरिद गरी उपचारमा लागिएको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले बताउनुभयो । उहाँले भन्नुभयो, 'पालिकाका वडा नं. १ र २ मा रोगको संक्रमण देखिएको छ, प्राविधिकहरू पठाएर औषधि उपचार गरिरहेका छौं, पशु केन्द्रका प्राविधिकहरू पनि उपचारमा खटिनुभएको छ ।' तिनाउ गाउँपालिकाले पनि पशु प्राविधिकहरूसँग बसेर संक्रमण नियन्त्रण गर्ने विषयमा छलफल गरिरहेको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, 'यो रोगको कुनै खोप नभएकाले कसरी उपचार गर्ने भन्ने विषयमा हामी अन्योलमा छौं, अहिले प्राविधिकहरूसँग बसेर छलफल गरिरहेका छौं ।' रोगको संक्रमण फैलिएको गाईगोरुका शरीरका विभिन्न भागमा गिर्खा आउने, उच्च ज्वरो आउने, पाक्ने, सुन्निनेजस्ता लक्षण देखिएका छन् ।

यो रोग निको पार्ने कुनै खोप नभएपछि पशुको लक्षणअनुसार सामान्य एन्टिबायोटिक दिने काम भएको पशु प्राविधिकहरू बताउँछन् । आफूले पालेका गाईगोरुमा लम्पी स्किन रोग देखापरेपछि किसान चिन्तित भएका छन् । यो रोग झिँगा, लामखुट्टे र किर्नाले टोकेमा वा दानापानी, चरन क्षेत्र र पशुको आपसमा संसर्गका माध्यमबाट फैलिन्छ । लम्पी भाइरल रोग नेपालमा २०७७ सालमा मोरङबाट फैलिएको हो । त्यसपछि चितवनमा देखापरेको यो रोग बैतडीमा पनि देखापरेको थियो । यो रोग लाग्दा पशुका खुट्टाका जोर्नी फुल्ने, ज्वरो आउने, शरीरको छालामा फोका उठ्ने, च्याल र सिँगान काढ्ने, गर्भिणी पशु तुहिने, बाँझोपनको समस्या र दुहुनो गाईले दूध कम दिने जस्ता समस्या देखापर्छ । रोग नियन्त्रण गर्न किसानले भुसुना, किरा र लामखुट्टे नियन्त्रणका लागि गोठको सरसफाइ, भकारो (पर्सो) व्यवस्थापन र चरन क्षेत्रको ख्याल गर्नुपर्ने पशु प्राविधिकहरू बताउँछन् ।

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय गौशाला महोत्तरी
भुल सुधार सम्बन्धी सूचना
प्रकाशित मिति २०७९।१२।२८

यस शाखाबाट मिति २०७९।१२।२१ गते हिमालय टाइम्स दैनिकमा प्रकाशित **IFB No./Bid No. 02/NWSCGAUSHALA/GOODS/NCB/079/080** र Project Title (Works/Goods) The Procurement of Supply & Delivery of PVC-O Pipes को Bid Security Amount Rs.3,50,000.00 हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ।

Bandipur Rural Municipility
Office of Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Provience

Invitation for Bids

Second Date of publication: 2079/12/28 (11-April-2023)

Bandipur Rural Municipility, Office of Rural Municipial Executive,Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

S. N.	Contract Identification No.	Name of Contract	Estimated Amount (Exclusive VAT and Contingencies, Inclusive of PS)	Bid Document Fee(Nrs)	Bid Security	Last Date of Bid Submission	Remarks
1.	BRM/NCB/WORKS /07/079-080	Construction of Atithi Griha	Nrs 30,23,376.14	Nrs 3,000.00	Nrs 80,000.00	2080-01-12 (25th April 2023) 16:00	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility, Office of Rural Municipal Executive ,Bandipur Tanahun or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer

Re-Invitation of bids by Road Division, Damauli

Notice No.:- 09/RDDML-2079/080
Date of Publication: 2079/12/28 (11th April, 2023)

1. Road Division, Damauli, Tanahun re-invites open competitive electronic biddings from Eligible Bidders for the construction/ maintenance works of following Roads/Bridges under National Competitive Bidding Procedures.

S. N.	Contract Number	Description of work	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Annual Average Construction Turnover Requirement (NRs)	Estimate Amount Without VAT and PS (NRs.)	Bid Security Validity Period (days from the date of bid opening)	Remarks
1	RDDML/337 310113/079 /80-30(Re)	Landslide Protection and Subsurface Drainage Works on Gorkha-Ghyampesal Road (Ch 9+800), Gorkha (NH44)	5,000	900,000.00	52 million	-	150 days	

2. Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids:-

Pre-bid meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
2080/01/05 (18th April,2023) at 11:00 hours at Road Division, Damauli	On or Before 2080/01/13 (26th April, 2023) at 12:00 hours	On 2080/01/13 (26th April, 2023) at 13:00 hours	Nepal Bank Limited, Damauli,Tanahun Office Code Number: 337013801, **Revenue Account number: 00101000000001001001,** Rajaswa (Revenue) Sirshak No: 14229	Nepal Bank Limited, Damauli, Tanahun, Office Code Number: 305013801, Deposit Account number **KoLeNiKa 06001000002003000001**

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact to Road Division, Damauli.
4. A complete Set of Bidding Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp, and bidders shall submit their bid electronically only.
5. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be considered as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission.
6. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.
7. The works comprises of complicated landslide protection and sub-surface drainage works including bore-hole drilling on a very unstable slopes. Only the bidders with specified experience in key activities are advised to participate in this contract.

Division Chief